Regd No: 77/1263/057/058 ६.१-३३८४ PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

च न २२ (०८२/८३)

मिति : २०८२/०५/२२

श्रीमान् अध्यक्षज्यू,
नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपूर

**विषय : यथाशिघ्र आईपीओ जारी, उत्पादनपछि आईपीओ दिने र छुट्टाछुट्टै आईजिन कार्यान्वयन नगर्ने/नगराउने सम्बन्धमा ।**

श्रीमान् अध्यक्षज्यू

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ऊर्जा उत्पादनमा सक्रिय उद्यमी व्यवसायीहरुको छाता संगठन हो । ऊर्जा उद्यमीका समस्याको पहिचान गर्ने र त्यसको समाधानका लागि नीति निर्माता, प्रशासक एवं नियामक निकायसँग पहल गर्ने इप्पानको मुख्य उद्देश्य हो । आजभन्दा २६ वर्ष अघि स्थापना भएको इप्पानमा ५७० भन्दा धेरै ऊर्जा उत्पादक कम्पनीहरु सदस्य रहेका छन् । देशको विद्युत उत्पादन क्षमता करिब ३७०० मेगावाटा पुग्दा निजी क्षेत्रको सहभागितामा निर्माण भएका आयोजनाको क्षमता मात्रै करिब ३००० मेगावाट पुगेको श्रीमान् अध्यक्षज्यूलाई अगवत नै छ । यसैगरी निजी क्षेत्रको नेतृत्वमा ५००० मेगावाट क्षमताका आयोजनाहरु निर्माणाधीन छन् भने २० हजार मेगावाटका आयोजना निर्माणका विभिन्न चरणमा छन् । १५ खर्बभन्दा बढी लगानी गरिसकेको निजी क्षेत्रले ऊर्जा आयोजनामा ठूलो लगानी गर्ने लक्ष्यसहित अघि बढेको छ । सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत उत्पादनको मार्गचित्र पूरा गर्न पनि निजी क्षेत्र तमतयार छ ।

तर, निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने सरकारी निकायहरु भने जलविद्युत आयोजना र तिनका प्रवर्द्धकप्रति निर्मम बन्दै गएको देखिन्छ । यसै सिलसिलामा पछिल्लो समय जलविद्युत कम्पनीहरुको धितोपत्र निष्काशन तथा बिक्रीका सम्बन्धमा देखा परेका समस्याहरुले नेपालको ऊर्जा विकास र विस्तारमा गम्भीर असर परेको जानकारी गराउँदछौं ।

धितोपत्र बोर्डबाट २ वर्षभन्दा लामो समयदेखि जलविद्युत कम्पनीहरुको आइपीओ नियमित रुपमा निष्काशन भएको छैन भने थोरै कम्पनीको मात्र जारी भईरहेको छ । करिब तीन दर्जनभन्दा बढी कम्पनीहरुले आईपीओको लागि कुरिरहेको अवस्थामा भएको ढिलाईले ऊर्जा विकासमा गम्भीर समस्या देखिन थालेको छ ।

ऊर्जा आयोजनाको निर्माणमा धेरै ठूलो रकम लगानी चाहिन्छ । सरकारले ल्याएको कानुनले पनि स्थानीयलाई अनिवार्यरुपमा सेयर दिनुपर्ने व्यवस्था गरेको र धितोपत्र निष्काशन सम्बन्धी नियमावलीले ६० प्रतिशत निर्माण पुरा भएपछि आइपीओको लागि आवेदन दिन सक्ने व्यवस्था गरेका हुँदा प्रवर्द्धकले लागत कम गर्नको लागि वित्तिय व्यवस्थापन गर्दा नै आइपीओबाट आउने रकम घटाएर बैंक ऋण लिएका हुन्छन् ।

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

यस्तो अवस्थामा निर्माणाधीन अवस्थामा रहेका ४ हजार मेगावाट क्षमता बराबरका आयोजनाका प्रवर्द्धक कम्पनीले समयमै आइपीओ ल्याउन पाएका छैनन् भने सो वापत लिएको ऋण चुक्ता गर्नका लागि राष्ट्र बैकले निर्देशन दिएको र बैकहरुले ऋण चुक्ता गर्नका लागि ताकेता समेत गर्न लागेकोले यसले गर्दा आयोजनाहरुमा गम्भीर समस्या उत्पन्न हुन थालेको छ ।

ऊर्जा क्षेत्रको लागि निर्माणाधीन अवस्थामै सर्वसाधारणको सेयर जरुरी हुने व्यवस्था गरिएकोमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनको आधारमा भन्दै विना कानूनी आधार र व्यवसथा विद्युत उत्पादन सुरु नगरेसम्म आइपीओको निवेदन नै नलिने नीति कार्यान्वयन अघि बढाउन खोज्नु गलत छ । जुन उद्देश्यका लागि सर्वसाधारणलाई सेयर जारी गर्ने व्यवस्था गरिएको हो, अहिलेको प्रस्तावित व्यवस्था यसकै विरुद्धमा छ ।

यसैगरी सिडीएससीले सर्वसाधारण र प्रवर्द्धकहरुलाई छुट्टाछुट्टै आइजीन नम्बर दिने भन्दै सार्वजनिक निष्काशन गरिसकेका जलविद्युत कम्पनीको सेयर समेत ६ महिनादेखि नेप्सेमा सूचीकृत गरिदिएको छैन । यसले गर्दा गैर आवासीय नेपाली तथा अर्न्तराष्ट्रिय लगानीकर्ताले समेत लगानी नगर्ने वातावरण सिर्जना हुने निश्चित छ ।

पछिल्लो समयमा धितोपत्र बोर्डले आईपीओ निष्काशनमा गरेको ढिलाई, उत्पादनपछि मात्र आईपीओ जारी गर्न दिने नीतिलाई कार्यान्वयन गर्ने प्रक्रिया अघि बढाउनु तथा सरकारले अघि सारेको ऊर्जा विकासको लक्ष्य हासिल गर्नका लागि बढीभन्दा बढी लगानीको आकर्षण गर्नुपर्ने बेलामा दुई वटा आईजिन नम्बर दिने प्रक्रिया अघि बढाउनुले नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारमा गम्भीर असर पर्ने देखिएकोले आईपीओको लागि आवेदन दिएर कुरिरहेको कम्पनीको तुरुन्तै आईपीओ जारी गर्न तथा उत्पादनपछिको आईपीओ निष्काशन र छुट्टाछुट्टै आईजिन कार्यान्वयन नगर्न श्रीमान अध्यक्षज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

**भवदीय,**

गणेश कार्की
अध्यक्ष